यहि मिति २०८१ पुष महिनाको ०१ गते बसेको कार्यपालिका बैठकको निर्णयहरु:

१.प्रस्ताव नं.१ मा छलफल गर्दा यस महाभारत गाउँपालिकाको प्राविधिक शाखाबाट श्री आर एन कन्स्ट्रक्सन निर्माण व्यवसायी दर्ताको लागि प्रस्ताव पेश भए अनुसार उक्त प्रस्ताव बमोजिम घ वर्गको निर्माण व्यवसायीको इजाजत पत्र प्रदान गर्ने निर्णय पारित गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा महाभारत गाउँपालिका शिक्षा ऐन २०७७ को दफा १२ को उपदफा १ को(ग) बमोजिम तपशिलमा उल्लेखित विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति मनोनित गर्ने निर्णय पारित गरियो ।

<u>तपशिल</u>

१. श्री भैरव मा. वि. महाभारत -१, धाप
   क) ललिमान मोक्तान
   ख) सविना योन्जन
२. श्री गोकुले मा.वि. महाभारत- १, गोकुले
   क) दिपक भोलन
   ख) हिरा माया घलान
३. श्री चन्द्र सुर्य आ.वि. महाभारत -३, सिम्ले
   क) मिलन आले मगर
   ख) दिपा झारी
४. श्री जनकल्याण प्रा.वि. महाभारत-३ सिरुटार
   क) सिताराम अस्तानी मगर
   ख) विष्णु माया अस्तानी
५. श्री भुवनेश्वरी आ.वि. महाभारत-५, घुँडे
   क) सञ्चर सिं थिङ
   ख) वृत्ति माया थिङ
६. वुद्ध वाल उन्नती प्रा.वि. महाभारत-५, वेतेनी
   क) सन्देश लामा
   ख) सुनिता वाईवा
७. टाकुर प्रेम प्रा.वि. महाभारत-८, आकुरा
   क) निमेश थिङ
   ख) सनिमाया घिसिङ

CamScanner

८. छभक्तेश्वर प्रा.वि. महाभारत-८ टटआँप

क) भक्त बहादुर दर्लामी

ख) गँगा माया आले

९. गडुलदेवि प्रा.वि. महाभारत-८, सोला

क) दिपक आले

ख) दानामाया वाईवा

१०. श्री भैरवेश्वर आ.वि. महाभारत-३, देउराली

क) रोहित लामिछाने

ख) पुतली माया मोक्तान

११. श्री वालकल्याण प्रा.वि. महाभारत-२, अम्वलवास

क) नर बहादुर बल

ख) उर्मुमाया जिम्वा

१२. जनमोहन मा.वि. महाभारत-६, सल्लेनी

क) निर्मल घलान

ख) यम कुमारी पुलामी

१३. श्री ज्यानज्योति प्रा.वि. महाभारत-३, सिलोल्टार

क) आशाकाजी जिम्वा

ख) छलीमाया जिम्वा

१४. श्री वुद्ध प्रा.वि. महाभारत -३, फोक्सिङटार

क) पाल्साङ लामा

ख) पातली माया वि.क

१५. श्री भगवती प्रा.वि महाभारत-२, ठुलो सिम्ले

क) राजेन्द्र वाईव

ख) श्रीमाया मोक्तान

३. प्रस्ताव नं.३ माथि छलफल गर्दा प्राविधिक शाखावाट पेश हुन आएको महाभारत गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय कार्यविधि, २०८१ लाई स्वीकृतको लागि छलफल गर्न विधायन समितिमा पठाउने निर्णय गरियो ।

४. प्रस्ताव नं.४ माथि छलफल गर्दा यस महाभारत गाउँपालिकाको मा.वि. तथा आधारभुत तहको प्रधानाध्यापकहरुको प्रस्ताव बमोजिम आर्थिक वर्ष २०८१/८२ को राष्ट्रपित रनिङ शिल्ड तथा छैठौं अध्यक्षकप पौष महिनाको [illegible] २१ गते श्री जनमोहन मा.वि. महाभारत -६, वनखुमा आयोजना गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा यस महाभारत गाउँपालिकामा विगत देखि रिक्त रहेको प्रमुख प्रशासकीय अधिकृत पद पूर्ति नभएकोले हाल यस गाउँपालिकामा कार्यरत रहेको कर्मचारीहरुमध्ये वरिष्ठतमको आधारमा यस महाभारत गाउँपालिकाको गाउँ कार्यपालिकामा नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूहमा कार्यरत वरिष्ठ अधिकृत(शाखा अधिकृत/अधिकृतस्तर आठौं) कर्मचारी (संकेत नं २०१३३३) श्री राम बहादुर तामाङलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(४) बमोजिम अर्को प्रप्रअ व्यवस्था नभएसम्मका लागि प्रमुख प्रशासकीय अधिकृत तोक्न नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको सूचना बमोजिम आर्थिक वर्ष २०८१/८२ को गृहिणी महिला सशक्तिकरण कार्यक्रममा १५ प्रतिशत लागत साझेदारीसहित उक्त कार्यक्रममा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

कान्छामान जिम्बा

प्रवक्ता

CamScanner